# २०८२ वैशाख २५ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| 1 | गृह मन्त्रालय | २०८२ वैशाख ३० देखि जेठ १ गतेसम्म UAE को Dubai मा आयोजना हुने World Police Summit मा प्रहरी अतिरिक्त महानिरीक्षक श्री सुदिप गिरीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| 2 | गृह मन्त्रालय | महाकाली नदीमा विगत वर्षहरूको मनसुनका कारण सिर्जित जोखिम र आगामी मनसुनमा हुन सक्ने जलप्रवाहजन्य जोखिम भएका कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिकाको वडा नं. ११, १२, १३ र दोधारा चाँदनी नगरपालिकाको वडा नं. ३, ८, ९, १० लाई तीन महिनाको अवधिका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्ने। |
| 3 | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | २०८२ जेठ १४ देखि १६ गतेसम्म गणतन्त्र कोरियामा आयोजना हुने SUWON ITS Asia Pacific Forum मा भौतिक पूर्वाधार तथा यातायात मन्त्री माननीय देवेन्द्र दाहाललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| 4 | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | भूकम्प तथा अन्य प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त शैक्षिक संरचना निर्माण गर्ने तथा नेपाल सरकारमार्फत कार्यान्वयन हुने गरी वार्षिक बजेटमा व्यवस्था भएका मुलुकभरका सार्वजनिक विद्यालयहरूको भौतिक पूर्वाधारको निर्माण/पुनर्निर्माण/प्रबलीकरणका कार्य गर्ने गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन एकाइको कार्यक्षेत्र विस्तार गर्ने। |
| 5 | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०८२ वैशाख ३० देखि जेठ १ गतेसम्म जापानमा आयोजना हुने International Training Workshop on Smart Cities in the Asia and the Pacific मा सहभागी हुन काठमाडौं महानगरपालिकाका प्रमुख श्री बालेन्द्र शाहलाई स्वीकृति प्रदान गर्ने। |
| 6 | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०८२ वैशाख ३० देखि जेठ १२ गतेसम्म जनवादी गणतन्त्र चीनमा आयोजना हुने Seminar on Ethnic Policies and Practices for BRI Partner Countries मा सहभागी हुन आदिवासी जनजाति आयोगका माननीय सदस्य डा.मीन बहादुर श्रीसलाई स्वीकृति प्रदान गर्ने। |
| 7 | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | दोर्दी गाउँपालिका, लमजुङलाई जनवादी गणतन्त्र चीनको यूनान प्रान्तस्थित फुगोङ काउन्टिसँग भगिनी सम्बन्ध स्थापना गर्न पूर्वस्वीकृति प्रदान गर्ने। |
| 8 | लुम्बिनी प्रदेशका प्रमुख सचिव श्री बाबुराम अधिकारी; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव (उद्योग) श्री कृष्णबहादुर राउत; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव (विज्ञान प्रविधि) श्री विश्ववावु पुडासैनी र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव डा. दिपक काफ्लेको विभिन्न मितिका वैदेशिक भ्रमणहरू स्विकृत गर्ने। | |

## २०८२ वैशाख ३१ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| 1 | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८२ जेठ ५ गतेदेखि ७ गतेसम्म रुसमा सञ्चालन हुने 13th Sent Petersburg International Legal Forum मा माननीय महान्यायाधिवक्ता रमेश बडाल र नायब महान्यायाधिवक्ता डा. टेकबहादुर घिमिरेलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| 2 | अर्थ मन्त्रालय | नेपाल राष्ट्र बैंकको गभर्नरको नियुक्तिको लागि सिफारिस गर्न मिति २०८१/१२/११ मा गठित सिफारिस समिति विघटन गर्ने। नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्तिको लागि नामावली सिफारिस गर्न नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १५ को उपदफा (२) अनुसार देहायबमोजिमको सिफारिस समिति गठन गर्ने:<br>(क) उपप्रधानमन्त्री एवं अर्थ मन्त्री, माननीय विष्णुप्रसाद पौडेल -संयोजक<br>(ख) पूर्वगभर्नर श्री महाप्रसाद अधिकारी -सदस्य<br>(ग) आर्थिक, मौद्रिक, बैंकिङ, वित्तीय तथा वाणिज्य कानूनको क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तिहरूमध्येबाट डा. पोषराज पाण्डे -सदस्य |
| 3 | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | २०८२ असार ९ देखि १३ गतेसम्म जनवादी गणतन्त्र चीनमा आयोजना हुने Shanghai Cooperation Organization (SCO) Energy Ministers को बैठकमा ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री माननीय दिपक खड्कालाई सहभागी हुन स्वीकृति दिने। |
| 4 | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | नेपालको राष्ट्रिय न्यायिक प्रतिष्ठान र भारतको राष्ट्रिय न्यायिक प्रतिष्ठानबिच हस्ताक्षर हुने न्यायाधीश तथा न्याय सेवाका अधिकृतको तालिम तथा क्षमता अभिवृद्धि गर्नेसम्बन्धी समझदारीपत्र स्वीकृत गर्ने र उक्त समझदारीपत्रमा समकक्षता मिलाई हस्ताक्षर गर्न नेपालको राष्ट्रिय न्यायिक प्रतिष्ठानलाई अख्तियारी प्रदान गर्ने। |
| 5 | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष तथा सदस्य पदमा देहायका व्यक्तिलाई नियुक्त गर्ने:<br>(क) सत्य निरुपण तथा मेलमिलाप आयोग<br>१. श्री महेश थापा, संखुवासभा - अध्यक्ष<br>२. श्री अच्युत प्रसाद भण्डारी, जाजरकोट -सदस्य<br>३. डा. टिका प्रसाद ढकाल, पाँचथर -सदस्य<br>४. श्री पदम बहादुर शाही, जुम्ला - सदस्य<br>५. श्री कुमारी कौशल्या ओझा, कञ्चनपुर -सदस्य |

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल सरकार, सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| | | (ख) बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग<br>१. श्री लीला देवी गड्तौला, तेह्रथुम -अध्यक्ष<br>२. श्री गोपाल नाथ योगी, सल्यान -सदस्य<br>३. श्री अग्नी प्रसाद थपलिया, झापा -सदस्य<br>४. श्री श्रृजना पोखरेल, काठमाडौं -सदस्य<br>५. श्री विनिता नेपाली कास्की -सदस्य |
| 6 | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | नेपाल कृषि अनुसन्धान परिषद्को पुनर्संरचना गर्न प्रा. गोविन्दराज पोखरेलको संयोजकत्वमा प्रा. इश्वरी कडरिया र डा. यज्ञ गजाधर खड्का रहेको उच्चस्तरीय पुनर्संरचना समिति गठन गर्ने। |
| 7 | गृह मन्त्रालय | नेपाल प्रहरीका प्रहरी वरिष्ठ नायव निरीक्षकहरूको तलबमान तथा ग्रेड समायोजन गर्ने। |
| 8 | गृह मन्त्रालय | संघ संस्था दर्ता, नियमन र व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने। |
| 9 | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | राष्ट्रिय सहकारी नियमन प्राधिकरणको आर्थिक वर्ष २०८१/८२ को लागि अधिकृतस्तरको ३१ पदको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| 10 | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | २०८२ जेठ २६ गतेदेखि ३१ गतेसम्म दक्षिण कोरियामा आयोजना हुने South Korea's Land Administration Modernization Experience Seoul विषयक कार्यक्रममा सहभागी हुन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिवलाई स्वीकृति दिने। |
| 11 | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | नेपाल सरकारको नाममा दर्ता रहेको कपिलवस्तु जिल्ला साविक विठुवा गा. वि. स. वडा नं. ३ को दश कट्ठा सरकारी प्रकृतिको जग्गा विठुवा स्वास्थ्य चौकीको भवन निर्माण गर्न शुद्धोधन गाउँपालिका कपिलवस्तुलाई उपयोग गर्न स्वीकृति दिने। |
| 12 | रक्षा मन्त्रालय | नेपाली सेनातर्फ नौ जना सहायक रथी र तीन जना महासेनानीको सरुवा गर्ने। छ जना प्रमुख सेनानीको महासेनानी पदमा र एक जना महासेनानीको सहायक रथी पदमा बढुवा गर्ने। |
| 13 | वन तथा वातावरण मन्त्रालय | तेश्रो राष्ट्रिय निर्धारित योगदान (Nationally Determined Contribution; NDC 3.0) स्वीकृत गर्ने र उक्त प्रतिवेदन संयुक्त राष्ट्र सङ्घीय प्रारुप महासन्धि (United Nations Framework Convention on Climate Change; UNFCCC) को सचिवालयमा पठाउन स्वीकृति प्रदान गर्ने। |
| 14 | वन तथा वातावरण मन्त्रालय | नेपाल सरकार र भारत सरकारबिच जैविक विविधता संरक्षण सम्बन्धी संलग्न समझदारीपत्र (Memorandum of Understanding on Biodiversity |

| | | |
|---|---|---|
| | | Conservation) स्वीकृत गर्ने र उक्त समझदारीपत्रमा समकक्षी मिलाई हस्ताक्षर गर्न वन तथा वातावरण मन्त्रालयलाई अख्तियारी प्रदान गर्ने। |
| 15 | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | जर्मनीको बर्लिनमा २०८२ असार ९ देखि ११ गतेसम्म आयोजना हुने International Conference of Information Commissioners (ICIC) को १६औं संस्करणमा सहभागी हुन राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेशप्रसाद आचार्यलाई स्वीकृति दिने। |
| 16 | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २०८२ जेठ २२ गतेदेखि २३ गतेसम्म रुसी महासंघको Nizhny Novgorod मा आयोजना हुने Global Digital Forum मा सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय पृथ्वी सुब्बा गुरुङको सहभागिताको लागि स्वीकृति दिने। |
| 17 | सहरी विकास मन्त्रालय | दमक भ्यू-टावर (दमक व्यापारिक कम्प्लेक्स) हाललाई शुल्क लिई सञ्चालन गर्न स्वीकृति दिने । |
| 18 | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | डडेल्धुरा जिल्लाको परशुराम नगरपालिका मातहतको १५ शय्याको जोगबुढा अस्पताललाई ५० शय्यामा स्तरोन्नति गरी सुदूरपश्चिम प्रदेश सरकारले सञ्चालन गर्ने गरी हस्तान्तरण गर्न स्वीकृति प्रदान गर्ने। |
| 19 | औद्यौगिक सम्पत्तिसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने। | |
| 20 | जल तथा मौसम विज्ञान विभाग र अन्तर्गतका निकायहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने। | |
| 21 | अर्थ मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने। | |
| 22 | नेपाल प्रशासन सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा सहसचिव श्री शोभाकान्त पौडेललाई बढुवा गर्ने। | |